Samaj Anweshan. voi. 4. No.Special Issue (Nari Bisheshank). May 2026
DOI: https://doi.org/10.3126/anweshan.v7i01.95045
Research Article
ISSN: 3021-9035 Print

# राजनीतिमा भुइँतहबाट उठ्दै आदिवासी जनजाति महिला

✍ कैलाश राई
rurum.kailash@gmail.com

## लेखसार

आदिवासी जनजाति महिलाहरूले 'महिला' वा 'आदिवासी' मात्र नभई बहुपहिचानका कारण दोहोरो–तेहेरो उत्पीडन भोग्छन् । तर, इतिहास लेखन पुरुषकेन्द्रित भएकाले विशेषगरी जनश्रुतिमा आधारित ज्ञान परम्परा भएका आदिवासी जनजाति महिलाहरूको योगदान पर्याप्त मात्रामा दस्तावेजीकरण नगरिदा उनीहरूको भूमिका अदृश्य सरह छ । यो लेखले नेपालको राजनीतिक रूपान्तरणमा आदिवासी जनजाति महिलाहरूको ओझेलमा पारिएको महत्त्वपूर्ण भूमिका उजागर गर्छ। राणाशासनको अन्त्यदेखि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अवलम्बनसम्मको राजनीतिक प्रक्रिया तथा अभ्यासलाई राजनीतिक अन्तरसम्बद्धताको अवधारणाबाट छलफल र विश्लेषण गर्दछ । नेपालको शासन प्रणाली परिवर्तनमा जातीय, लैङ्गिक, वर्गीय, सांस्कृति र भाषिकलगायतका बहुविभेद झेलेका आदिवासी जनजाति महिलाहरूले आन्दोलन, विद्रोह र सक्रिय राजनीतिक सहभागितामार्फत् महत्त्वपूर्ण योगदान दिएका छन्। राणा शासन विरुद्धको सङ्घर्षदेखि वर्तमान सङ्घीय संरचनागत अभ्याससम्म आइपुग्दा सूचना सङ्कलक तथा सम्प्रेषक, सङ्गठक, व्यवस्थापक, लडाकु, प्रशिक्षक, कार्यकर्ता, कलाकार, अभियन्ता, नेतालगायतको बहुआयामिक दायित्व निर्वाह गरेका छन् । सङ्घर्षको क्रममा उनीहरूले आफ्नो पृथक जातीय–लैङ्गिक पहिचानसहित स्वायत्तता, आत्मनिर्णयको अधिकार, समावेशिता, भूमि अधिकार, आदिवासी तथा आदिवासी महिलाको विशिष्ट हकअधिकारहरूको मागदाबी गरे। औपचारिक संरचनाभित्र र बाहिरैबाट पनि राजनीतिक एजेन्टका रूपमा सक्रिय रही उनीहरू समावेशी लोकतन्त्रका सिद्धान्त व्यवहारमा लागु गर्ने/गराउने प्रयास गरिरहेका छन् ।

## शब्दकुञ्जी

समावेशी लोकतन्त्र, राजनीतिक अन्तरसम्बद्धता, सङ्घीयता, जातीय–लैङ्गिक पहिचान, मुक्कुमलुङ ।

## विषय प्रवेश

नेपालको शासन व्यवस्था परिवर्तन र राजनीतिक रूपान्तरणको प्रक्रिया लामो सङ्घर्ष, चरणबद्ध आन्दोलन, विद्रोह र सामाजिक चेतनाको निरन्तर विकासबाट अघि बढेको हो । वर्तमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था राणाशासनको अन्त्यसँगै २००७ सालमा प्राप्त प्रजातन्त्रदेखि सुरु भएको राजनीतिक यात्राको निरन्तरता हो। त्यसपछि पञ्चायती व्यवस्था, बहुदलीय प्रजातन्त्रको पुनःस्थापना तथा अन्ततः गणतन्त्र स्थापनाजस्ता प्रमुख ऐतिहासिक चरणहरू पार गर्दै नेपाल वर्तमान शासकीय व्यवस्थामा प्रवेश गरेको हो।

२०४६ सालको पहिलो जनआन्दोलनले बहुदलीय प्रजातन्त्र पुनर्स्थास्थापना गरेपछि तत्कालीन माओवादी सशस्त्र युद्धले राज्य संरचना र समावेशिताको प्रश्नलाई केन्द्रीय बनायो । २०६२/६३ को दोस्रो जनआन्दोलनले राजतन्त्र अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गऱ्यो। त्यसयता भएका मधेस आन्दोलन, थारू आन्दोलन,

✍ लेखक समाज विज्ञानका स्वतन्त्र अध्येता हुनुहुन्छ ।

विभिन्न पहिचान–आधारित आन्दोलन र ताजा 'जेन–जी' आन्दोलनहरूले समावेशी र सुशासित राज्यव्यवस्थाको मागलाई विस्तारित र बहुआयामिक बनाएका छन्।

यी सबै सङ्घर्ष, विद्रोह र आन्दोलन आम मानिसको व्यापक सहभागिता र योगदानबाट सफल भएका हुन्। क्रमिक परिवर्तनको यस महत्त्वपूर्ण प्रक्रिया र चरणहरूमा विविध पृष्ठभूमिका महिलाहरूको भूमिका अतुलनीय छ। तर इतिहास लेखन पुलिङ्गी राज्य तथा पराक्रमी पुरुषत्व शासककेन्द्रित रह्यो। इतिहास निर्माणको लामा चरणहरूमा लैङ्गिक–सामाजिक पूर्वाग्रह, रूढिवादी मान्यता र अभ्यास बलियो रहिरह्यो। महिलाहरूले पुरुषसँगसँगै देशभक्तका रूपमा राष्ट्रको रक्षाका लागि होस् वा कुनै निरङ्कुशता विरूद्धमा विभिन्न सङ्घर्ष, विद्रोह र आन्दोलनहरूमा निर्वाह गरेका भूमिकाहरू बेवास्ता गरिए। इतिहास निर्माणको त्यस्तो सीमित पुरुषकेन्द्री अभिलेखीकरण प्रक्रियामा वहिष्कृत पारिएपछि महिलाहरू अदृश्य रहे। उनीहरूको योगदान पनि शून्यझैँ बनाइयो। तर इतिहासमा अदृश्य हुनुको अर्थ उनीहरूको योगदान थिएन भन्ने होइन, बरु पर्याप्त उत्खनन्, दस्तावेजीकरण र मूल्याङ्कन हुन नसकेको हो। उदाहरणका लागि राणाशासनकालमा भोजपुरकी योगमाया न्यौपाने (वि.सं. १९२४–१९९८) ले गरेको सामाजिक–राजनीतिक प्रतिरोध २०४० को दशकपछि मात्रै अध्ययनअनुसन्धान गरी बाहिर ल्याइएको थियो।

त्यसैगरी मौखिक र जनश्रुति परम्परामा आधारित आदिवासी समुदायका महिलाको सामाजिक–राजनीतिक भूमिका इतिहासमा झनै अदृश्य रहयो। आधुनिक राज्य संयन्त्रसँग दुरीमा रहेका, भूमि, जल–जङ्गल र प्राकृतिक स्रोतसँग अविच्छिन्न सम्बन्ध भएका गैरहिन्दु/आर्य, गैर खसनेपाली भाषी आदिवासी जनजाति महिलाहरू अझै पनि नेपाली महिलान्को छविभित्र अटाउन बाँकी नै छ (Tamang, 2002 र राई, २०७७)। यसका साथै नेपालको ऐनकानुनले ६१ आदिवासी जनजातिलाई सूचीकृत गरी मान्यता दिए तापनि 'आदिवासी जनजाति महिला' को वास्तविक र अर्थपूर्ण पहिचान ओझेलमै छ। यसको अतिरिक्त, आदिवासी जनजाति महिलाहरू पिछडिएका, अशिक्षित, र अराजनीतिक हुन्छन् भन्ने गलत भाष्यले उनीहरूको ऐतिहासिक भूमिका तथा योगदान प्रभावित हुने गरेको छ। यद्यपि, उनीहरूले नेपालको राजनीतिक रूपान्तरणका लागि खेलेका भूमिकाहरूमार्फत् समावेशिताको सिद्धान्त अभ्यास गरिदाको सङ्ख्यात्मक सहभागिताको सीमिततालाई चुनौती दिँदै आइरहेका छन् (राई, २०७५)।

आदिवासी जनजाति महिलाहरूले राजनीतिक प्रक्रियामा सहभागी हुने समान अवसर, उचित प्रतिनिधित्व, सीमान्तकृतहरूको सक्रिय सहभागिता, सशक्तिकरण, भेदभावरहित र समावेशी नीतिनिर्माण र पारदर्शी र जबाफदेही राज्य संयन्त्र निर्माणमा मदत पुऱ्याएका छन्। त्यसैले, नेपालको राजनीतिक रूपान्तरणमा आदिवासी जनजाति महिलाहरूको भूमिका र योगदानबारे गहिरो अध्ययन र छलफल अत्यावश्यक छ, जुन राजनीतिक अन्तर्सम्बद्धता (पोलिटिकल इन्टरसेक्सनालिटी) को कोणबाट हुनु पनि उत्तिकै जरुरी छ।

राजनीतिक अन्तरसम्बद्धताको अवधारणाले कुनै पनि व्यक्तिको पहिचानका विभिन्न पक्ष– जात/ जातीयता, लिङ्ग, वर्ग, भाषा, क्षेत्र, धर्म/संस्कृति एकापसमा खप्टिएर राजनीतिक अनुभव, अवसरहरूलाई कसरी प्रभाव पार्छ र अवरोधहरू कसरी गहिरो र बलियो पार्छ भन्ने कुरालाई केन्द्रमा राख्दछ। यो अवधारणाले नीति निर्माण प्रक्रिया र नीतिमा रहेको नश्ल/जात–जातिवाद, लिङ्गवाद, वर्गीय शोषण, भाषिक विभेदलगायतका बहुतहगत असमानताहरू सम्बोधन गर्नेतर्फ जोड दिन्छ (Crenshaw, 1994 र Verloo, 2006)। त्यस अर्थमा, राजनीतिक रूपान्तरणमा आदिवासी जनजाति महिलाहरूको भूमिका बुझ्न यो अवधारणा उपयोगी छ। किनकि उनीहरू एकै समयमा आदिवासी समुदायका सदस्य र महिला पनि हुन् र दोहोरोतेहेरो अवरोध र चुनौतीले घेरिएका हुन्छन्। त्यसलाई 'आदिवासी' वा 'महिला' भनेर मात्र बुझ्दा अन्याय हुन्छ।

त्यसैले यो लेखले राजनीतिक अन्तरसम्बद्धताको कोणबाट राणाशासनको अन्त्यदेखि सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्मको राजनीतिक रूपान्तरणको यात्रामा आदिवासी जनजाति महिलाहरूले निर्वाह गरेका भूमिका र योगदानलाई सङ्क्षिप्तमा विश्लेषण गर्ने प्रयास गरेको छ। यो लेख नेपाली र अङ्ग्रेजी भाषामा उपलब्ध सम्बन्धित स्रोत सामग्रीहरूको अध्ययन–विश्लेषणमा आधारित छ।

## *निरंकुशता विरुद्ध आदिवासी महिलाका भूमिका*

आदिवासी जनजातिहरूले गैरआदिवासी जनजाति नेताहरूद्वारा परिकल्पित, निर्मित, सञ्चालित र व्याख्या गरिएको आधुनिक भनिने राजनीतिक व्यवस्थाभित्र आफूलाई पाउँछन् (Wessendorf, 2001), जुन आदिवासी–प्रतिकूल हुन्छ। प्रतिकूल राजनीतिक व्यवस्थाकै अङ्ग बन्दै आदिवासी समुदाय र समुदायका महिलाहरूले राणाकालदेखि नै आदिवासी महिलाहरूले प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपमा राजनीतिक प्रक्रिया र शासकीय संरचनामा प्रभाव पारेका केही प्रतिनिधि उदाहरणहरू भेटिन्छन्। राजनीतिक आन्दोलन वा विद्रोहहरूमा उनीहरूको सक्रिय पहलकदमी, निरन्तर सङ्घर्ष र अर्थपूर्ण सहभागिता रहेको तथ्य केही अध्ययनले समेटेको छ।

जङ्गबहादुर राणाले लागु गरेको १९१० को मुलुकी ऐनअनुरूप 'मासिन्या' तामाङ जातिको सामाजिक ओहोदा उकास्नमा दुई तामाङ महिलाको भूमिका थियो (दिक्पाल, २०७९ र राई, २०८१)। दिक्पाल (२०७९, पृ.१२५) को तर्कअनुरूप जङ्गबहादुरले आफ्ना बयालिस श्रीमतीमध्ये 'रानीसाहेब' बनाएर एक तामाङ महिलालाई दरबार भित्र्याएपछि गोभक्षक (गाईको मासु खाने) भएकैले पानी नचल्ने मानिएका तामाङ जातिको हातको पानी १९९१ साउनदेखि चलाउन थालियो। त्यस्तै अर्को एक तामाङ महिला तत्कालीन श्री ३ महाराज भीमशमशेरकी 'सीता बडामहारानी' बनेपछि भीमशमशेरले 'मुर्मी' (सिमानातिरको मानिस) र 'भोट्या' (तिब्बती) भनिने जातिले 'तामाङ' थर लेख्न पाउने अनुमति दिए। यो एउटा गतिलो उदाहरण हो, जसले शासनसत्ताबाट बहिष्कृत जाति/समुदायको एकाध महिला निरङ्कुश शासक निकट पुग्दा महिलाले प्रतिनिधित्व गर्ने जातिको सामाजिक हैसियत उकास्न र केही सम्मानजनक पहिचान स्थापित गर्नेतर्फ सकारात्मक प्रभाव पार्न सक्यो। अझ भन्नुपर्दा यसले अर्थपूर्ण उपस्थिति र प्रभावशाली प्रतिनिधित्वको औचित्य पुष्टि गर्दै वर्तमानमा चलिरहेको समावेशिता, पहिचानको राजनीति, सुशासन र लैङ्गिकताको अन्तरसम्बन्धित सवाल उठानको ऐतिहासिक पृष्ठपोषकको काम गरेको छ।

राणाशासनको उत्तरार्धमा नेपालको विभिन्न भूभागबाट निरङ्कुशतन्त्र निर्मूल पार्न विविध महिलाहरू सक्रिय थिए। तत्कालीन समयमा नेवार महिलाहरूको राजनीतिक सक्रियता उल्लेखनीय रह्यो। २००४ सालमा नागरिक अधिकारको माग राखेबापत सहाना, साधना, स्नेहलता र कनकलता प्रधानलाई पक्राउ गरेर दुई हप्ता हिरासतमा राखिएको थिए (उपाध्याय, २०५४)। त्यसलगत्तै मङ्गलादेवी सिंहको नेतृत्वमा 'नेपाल महिला सङ्घ' स्थापना गरी महिलाको मताधिकार र शिक्षाको अधिकारको माग लिएर तत्कालीन प्रधानमन्त्री पद्मशमशेरसमक्ष महिलाहरू पुगे, मागको सम्बोधन पनि भयो (Pandey, 2019)। शासकसमक्ष सोझै महिलाहरूको हकअधिकार माग गरेर पाएको यो घटना नेपालको महिला आन्दोलन र राजनीतिक परिवर्तनमा एक ऐतिहासिक बिन्दु हो। राणाशासन अन्त्यका निमित्त नेवारपछि सुब्बा/लिम्बू, राई, तामाङ महिलाहरूको संलग्नता रहेको तथ्य फेला पर्छ (तामाङ, २०५६)।

राणा शासन अन्त्य गरी प्रजातान्त्रिक व्यवस्था स्थापित गर्न एक, भूमिगत रूपमा राजनीतिक पार्टीहरू गठन गरी राणा शासन र शासक विरुद्धको आन्दोलन मजबुत र व्यापक बनाइयो (तामाङ, २०५६)। दुई, कन्या/महिला शिक्षाका निम्ति महिला पाठशाला खोली जागरण तथा सचेतना फैलाइयो, आन्दोलनमा महिलाहरूको भूमिका सशक्त पारियो (मल्ल, २०४१)। वि.सं. २००३ सालमा

खोलिएको 'नेपाली राष्ट्रिय कङ्ग्रेस' नामक पार्टीको क्रियाकलापहरूमा महिला सहभागिता जुटाउन र सोही पार्टीले गठन गरेको जनमुक्ति सेनामा शुक्रवती सुब्बा, इन्दुकुमारी सुब्बा, रेणु सुब्बा, जमुना राईले नेपालका विभिन्न स्थानहरूको स्थलगत अध्ययन गरी पार्टीको नीति तथा आन्दोलनको कार्यक्रम तय गर्न अत्यावश्यक सूचना र समीक्षात्मक दृष्टिकोण उपलब्ध गराएका थिए (तामाङ, २०५६)। त्यस्तै, माझकिरात भोजपुरमा तत्कालीन योद्धा नारदमुनि थुलुङ र रामप्रसाद राईको नेतृत्वमा २००७ सालको क्रान्तिलाई सशस्त्र आन्दोलनमार्फत् सफल पार्ने उद्देश्यले लागि करिब ७०–८० जना भूतपूर्व सैनिकहरूको मुक्ति सेनाको सङ्गठन खडा गरियो तथा ताप्लेजुङदेखि धुलिखेलसम्म कब्जा गरी राणा शासकलाई वार्तामा आउन बाध्य पारियो (कार्की, २०७८)। यी तीनै खेमाका आन्दोलन र विद्रोहमा आदिवासी महिलाहरू साहसी–सक्रिय भूमिकामा रहेका थिए (तामाङ, २०५६, मल्ल, २०४१, पाण्डे, २०५७, कार्की, २०७८ र राई, २०८१)।

प्रजातन्त्र प्राप्तिका लागि २००५ सालमा स्थापना भएको 'नेपाल प्रजातन्त्र कङ्ग्रेस' पार्टीको भूमिगत कार्यकर्ता भई रत्नादेवी कर्माचार्य, रुक्मणीदेवी श्रेष्ठ, लक्ष्मीदेवी कर्माचार्य, कमलादेवी कर्माचार्य, दुर्गादेवी कर्माचार्य आदिले काठमाडौँ उपत्यका बाहिरबाट लडेका थिए। उपत्यका भित्रबाट राजनीतिक रूपमा सङ्गठित हुँदै साधना प्रधान, सहाना प्रधान, कनकलता बज्राचार्य, स्नेहलता श्रेष्ठ, कामाक्षादेवी, मङ्गला देवी सिंह, शान्ता श्रेष्ठ, नानीमैया नकर्मी, उमादेवी श्रेष्ठ, केशरी प्रधान, देवनानी तुलाधर, लक्ष्मी मानन्धर, राममाया नेपाली, सावित्री श्रेष्ठ, श्रीमाया श्रेष्ठ, विष्णु केसरी श्रेष्ठ, जानकी श्रेष्ठ, रेनुका श्रेष्ठलगायत आन्दोलित थिए (पाण्डे, २०५७)। २००७ सालको क्रान्ति माझकिरात भोजपुरबाट सुरु गर्दा गठित मुक्तिसेनाको सङ्गठनमा तुलसीमाया श्रेष्ठ, आशरानी तामाङ र जगुमाया राई मुक्ति सेनामा 'फ्रन्टलाइनर' थिए (कार्की, २०७८)।

राणाशासन विरूद्धको सङ्घर्षमा आदिवासी महिलाले आवश्यक सूचना सङ्कलन, गोप्य सूचना आदानप्रदान, सुरक्षित आश्रय व्यवस्थापन, सचेतना/प्रशिक्षण कार्यक्रम तथा बैठकहरू सफलतापूर्वक सम्पन्न गर्न/गराउन, महिला सहभागिता जुटाउनदेखि सङ्गठन निर्माण र विस्तारसम्मका दायित्व सम्हाले।

### *प्रजातन्त्र पुनःप्राप्तिको सङ्घर्षमा आदिवासी महिलाहरू*

राजनीतिक नेतृत्व, सशस्त्र विद्रोह तथा व्यापक जनसहभागितामार्फत् स्थापित प्रजातान्त्रिक व्यवस्थालाई दलविहीन पञ्चायती व्यवस्था (वि.सं. २०१६–२०४६)ले आफ्नो कब्जामा लियो। पार्टी निषेधित व्यवस्था भए पनि पञ्चायतको उत्तरार्द्धमा पूर्वी पहाडमा आदिवासी जनजाति केन्द्रित तीनोटा दल खोलिए– लिम्बुवान् मुक्ति मोर्चा, खम्बुवान् मुक्ति मोर्चा र मङ्गोल नेशनल अर्गनाइजेसन (एमएनओ) (हेर्नुहोस्ः तालिका १)। दुई मोर्चाहरूले लिम्बुवान् र खम्बुवान् स्वायतत्ता र एमएनओले मङ्गोलहरू हिन्दु दासत्वबाट मुक्त हुनुपर्ने र त्यसका लागि प्रशासकीय सङ्घीयता, शिक्षा र राजनीतिक अवसरहरूमा आदिवासी जनजातिहरूको ५०% आरक्षणको मुद्दा अघि सारेको थियो (घर्तीमगर, २०७५ र Hangen, 2010)। स्वायत्ता र सङ्घीयता पक्षधर र हिन्दुकेन्द्रीकृत शासनप्रणाली विरुद्धमा गठित यी दलहरू क्षेत्रीय स्तरमा सक्रिय रहे, जहाँ आदिवासी जनजाति महिला सहभागिता, लैङ्गिकताको सवाल गयल थियो।

क्षेत्रीय र स्थानीय रूपमा सम्भावना बोकेर अघि बढ्दै गरे पनि बहुदलीय व्यवस्था पुनः प्राप्त गरेसँगै यी तीन दलको प्रभाव स्थानीय स्तरमै सीमित रहनुपर्‍यो। किनकि नेपालको संविधान २०४७ को धारा ११२ (३) ले धर्म, समुदाय र जातजातिको आधारमा गठन भएका राजनीतिक पार्टीहरू निर्वाचन आयोगमा दर्ता गर्न नपाइने व्यवस्था गर्‍यो। निर्वाचन आयोगमा दर्ता हुन र सन् १९९१ को आम निर्वाचनमा भाग लिनबाट वञ्चित गरियो।

*तलिका १ः सन् १९९० गठित आदिवासी जनजाति राष्ट्रिय पार्टी*

| दलको नाम | स्थापना वर्ष (ईस्वी सम्वतमा) |
|---|---|
| लिम्बुवान् मुक्ति मोर्चा | १९८६ |
| खम्बुवान् मुक्ति मोर्चा | १९८९ |
| मङ्गोल नेशनल अर्गनाइजेसन (एमएनओ) | १९८९ |

*(स्रोतः घर्तीमगर, २०७५, पृ. ८९)*

त्यस बखत पञ्चायती निरङ्कुशताविरुद्ध आदिवासी विद्रोह पनि भएका थिए र ती विद्रोहमा आदिवासी महिला पनि सहिद भए । २०१६–१७ सालमा तत्कालीन पश्चिम १ नम्बर नुवाकोट अहिले धादिङका तामाङ समुदायमाथि भएको दमन विरुद्धको ‘खनियावास विद्रोह’मा पोक्ची तामाङ सहिद भइन् (योन्जन–तामाङ, २०६९) । यस्तै २०३६ सालमा धनकुटाको छिन्ताङमा गरिएको नृशंस हत्याकाण्डमा हाँखिमा राई र रामकुमारी राई सहिद भए (तुम्बाहाङफे, २०६६) । त्यसैगरी २०३८ साल माघमा सिन्धुपाल्चोकको पिस्कर गाउँमा प्रगतिशील सांस्कृतिक कार्यक्रमसहित माघे सङ्क्रान्ती चाड मनाइरहेका बखत मध्यरातमा सुरक्षाकर्मीहरू पुग्यो र गोली प्रहार ग¥यो । पल्कमाया थामी, रानु थामी, सङ डोल्मा, सिरिमाया तामाङलगायत १० जना महिला–पुरुषहरूलाई गिरफ्तार गरियो । १५ दिनको शिशुसहितको सुत्केरी कान्छी थामी आदि पाँच जनाको हत्या गरियो । करिब दुई वर्षसम्म चलेको यो क्रूर दमनमा ८३ जनाभन्दा बढी पक्राउ तथा कुटपिट गरिए (के.सी., २०६३) ।

निरङ्कुश पञ्चायती व्यवस्थामा सर्वसाधरण जनतामाथि गरिएका यस्तै सशस्त्र राज्य–हिंसा र दमनले आम महिला आन्दोलित हुन प्रेरित भए । आदिवासी महिला पनि शान्तिपूर्ण मात्रै हैन, सशस्त्र सङ्घर्षमा समेत सम्मिलित थिए । उदाहरणको रूपमा २०१७ सालमा सुवर्ण शमशेरले सशस्त्र सङ्घर्षको घोषणा गरेपश्चात् भोजपुरमा रहेका नेपाली कङ्ग्रेसका कार्यकर्ताहरूले पनि सशस्त्र अभियान सुरु गरे । अभियानमा संलग्नहरूलाई कैद र जरिवाना गरियो, जसमध्ये बत्तीकुमारी राई, पवीरत्ना राई तथा बसन्तमाया राई पनि थिए (कार्की, २०७८) ।

एकातिर, पञ्चायती व्यवस्थाको अङ्ग बनेर राष्ट्रिय पञ्चायत सदस्यको रूपमा राजनीतिमा सक्रिय आदिवासी महिलाहरू अङ्गुरबाबा जोशी, सरस्वती राई, बमकुमारी बुढा, भद्रा कुमारी घलेले तत्कालीन शासकीय संरचना विविध महिलाहरूको पनि थलो हो भन्ने बुझाइको विकास गर्न भूमिका खेले । अर्कोतिर, ठुलो सङ्ख्यामा रहेका आदिवासी जनजाति महिलाहरूले पञ्चायत व्यवस्था विरोधी सङ्घर्षलाई बल प्रदान गरे । राजनीतिक पार्टी, तिनका भ्रातृ/भगिनी सङ्गठन र स्वतन्त्र सङ्गठनहरूमाथि प्रतिबन्ध लगाई पञ्चायती सरकारअनुकूल किसान/मजदुर, महिला, विद्यार्थी/युवा सङ्गठनहरू खडा गरिए । तिनै वर्गीय सङ्गठनहरूमार्फत देशभरबाट निर्दलीय पञ्चायती व्यवस्थाका निमित्त जनता एकतृत हुन थाले, जसमा आदिवासी महिलाहरूको प्रभावकारी भूमिका र व्यापक सहभागिता भयो । उनीहरूले गिरफ्तारी, हिंसादेखि राज्य–दमनसम्मको सामना गरे ।

त्यस बेला मजदुर/किसान आन्दोलनका लडाकुहरू मङ्गलमाया बज्राचार्य, यशोधा रानामगर, शारदा लामा, पद्मा मानन्धरलगायत थिए । सोलखुम्बुको किसानको भूमि गैरकानुनी तबरले हडप्ने स्थानीय सामन्तसँग लड्ने अर्की योद्धा हुन्– डाटी भोटेनी । सोलुबाट काठमाडौँमा आएर उक्त घटनाबारे उजुरी गरेर फर्किँदै गर्दा उनको हत्या गरिएको थियो (उषा, २०४५ र Pandey, 2019) । २०१६–१७ सालमा भएको दाङको बेलुवा बन्जारी किसान आन्दोलनमा लहनी चौधरी, सोमती चौधरी अग्रपङ्क्तिका लडाकु थिए । यी चौधरी महिलाहरूले भूमि कब्जा गर्ने स्थानीय जमिनदार विरुद्ध उर्लेका करिब पाँचछ सय मानिसहरूको ¥यालीजुलुसको नेतृत्व गरेका थिए (Pandey, 2019) ।

२०३५ सालको शिक्षक आन्दोलनमा मीरा ध्वजु, पूर्णशोभा चित्रकार, कमला अमात्य, नारायणी राना, विन्दवासिनी श्रेष्ठ, विन्दवासिनी कर्माचार्यलगायतले काठमाडौँ उपत्यकाबाट र शिवमाया तुम्बाहाङ्फे आदिले उपत्यकाबाहिरबाट नेतृत्व सम्हालेका थिए । पारिजात (विष्णुकुमारी वाइबा), अष्टलक्ष्मी शाक्य, सुलोचना मानन्धर, शशी श्रेष्ठ आदि पञ्चायतकालको उत्तरार्द्धयता हस्तक्षेपकारी शक्तिको रूपमा उभिए।

२०४६ सालको जनआन्दोलनमा आदिवासी महिलाले निषेधित दल, दलका भगिनी सङ्गठनदेखि पञ्चायत अनुकूलित शिक्षक, किसान, साहित्यकार, कलाकार, युवा र जातीय–भाषिक सङ्घसंस्थामार्फत चौतर्फी सक्रियता जनाए । जातीय–लिङ्गीय पहिचान गौण भएको त्यस अवधिमा देशभरिबाटै महिलाहरू राज्यको दमन र दुर्व्यवहारसँग जुधे। प्रजातन्त्र पुनःबहालीको लडाइँ सफल पार्नमा योगदान पुऱ्याए, जसले आम जनतालाई सङ्गठित हुने, आवाज उठाउने मौलिक हक प्राप्त भयो। त्यसले जातीय–लिङ्गीय पहिचानसम्बन्धी प्रश्न गर्ने पृष्ठभूमि तयार पाऱ्यो।

## *लोकतान्त्रिक व्यवस्था पक्षधर आदिवासी जनजाति महिला*

२०४६ सालको प्रजातन्त्र पुनःबहालीपछि आदिवासी जनजाति समुदायले जातीय र क्षेत्रीय पार्टीभन्दा बहुजातीय पार्टीको आवश्यकता रहेको कुरामा जोड दिए (Gellner, 2016, pp. XXIX) । त्यस्तै अवधारणा पछ्याउँदै २०४६ देखि २०६२ सालसम्म आदिवासी जनजाति समुदायको विशेष हितमा समर्प्रित दशोटा राजनीतिक दल गठन गरिए (हेनुहोस् तालिका २)।

***तलिका २ः सन् १९९० देखि २००६ को अवधिमा गठित आदिवासी जनजाति राष्ट्रिय पार्टी***

| दलको नाम | स्थापना वर्ष (ईस्वी सम्वतमा) |
|---|---|
| राष्ट्रिय जनमुक्ति मोर्चा | १९९० |
| नेपाल राष्ट्रिय जनजाति पार्टी | १९९१ |
| नेपाल राष्ट्रिय जन पार्टी | १९९१ |
| राष्ट्रिय जनमुक्ति पार्टी | १९९१ |
| राष्ट्रिय जनता पार्टी | १९९१ |
| किरात वर्कर्स पार्टी | १९९२ |
| जनमुक्ति पार्टी नेपाल | १९९८ |
| राष्ट्रिय जनता पार्टी (प्रजातान्त्रिक) | २००२ |
| नेपाल समता पार्टी | २००२ |
| सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | २००५ |

***(स्रोतः घर्तीमगर, २०७५, पृ. ८९)***

ती दलहरूलाई जनजातीय नाम, आदिवासी जनजातिको हकहितसम्बन्धी नीति कार्यक्रम, नेता तथा सदस्यहरूमा आदिवासी जनजाति समुदायको बहुमत, आदिवासी जनजातीय सांस्कृतिक चिह्न, प्रतीक, विम्ब र आकाङ्क्षालाई पार्टी सञ्चालनको लागि प्रयोग र आदिवासी जनजातिको मुक्तिका लागि राजनीतिक शक्ति निर्माणको प्रयत्नको आधारमा 'जनजाति पार्टी' को संज्ञा दिइएको हो (घर्ती मगर, २०७५)। तिनै दलहरूमार्फत् आदिवासी जनजाति समुदायले राजनीतिक–सांस्कृतिक चेतना र वैचारिकी अघि सारे। लैङ्गिक पाटो भने ओझेलमै रह्यो।

बरु आदिवासी जनजाति महिलाहरूले तत्कालीन नेकपा (माओवादी)को १० वर्षे (वि.सं. २०५२–२०६३) 'जनयुद्ध' र मूलधारका दलहरूमार्फत् आफ्नो राजनीतिक सक्रियता अघि बढाए । कारण, आदिवासी जनजाति समुदायको मनोभावना र मागहरूलाई माओवादी 'जनयुद्ध' ले समात्यो र पश्चिम नेपालका आदिवासी मगरहरूकै थातथलोलाई आधार इलाका बनाई अघि बढ्यो। माओवादी सशस्त्र युद्धमा आदिवासी जनजातिहरूको व्यापक सहभागिता थियो साथै उल्लेखनीय र बहुआयामिक भूमिका तथा बलिदानी रह्यो । वर्गीय, जातीय, लैङ्गिक र सांस्कृतिक विभेदको अनुभव र त्यसबाट मुक्ति पाउने अभिलाषाले धेरै आदिवासी महिला माओवादी सशस्त्र युद्धतर्फ आकर्षित भए । उनीहरू लडाकु, राजनीतिक कार्यकर्ता, सूचना–सञ्चारकर्मी, कलाकार र सङ्गठकजस्ता बहुभूमिकामा रहे । 'जनमुक्ति सेना' को रूपमा प्रत्यक्ष युद्ध लड्नेदेखि जनसरकार र जनअदालत सञ्चालन, आपत्कालीन स्वास्थ्य सेवा प्रदान, शिक्षा र प्रचारप्रसारजस्ता क्षेत्रमा उनीहरूले नेतृत्वदायी भूमिका खेले। त्यसले उनीहरूको राजनीतिक नेतृत्व क्षमता विकास हुनुको साथै पृथक सवाल उठाउने आत्मविश्वास पनि दियो। तर विध्वंसात्मक द्वन्द्वको भारी मूल्य पनि चुकाए। गहिरो चोट र अधिक मार पनि खेपे। विस्तृत शान्ति सम्झौतापछि पुनर्स्थापना र राजनीतिक मूलप्रवाहमा उनीहरूले अपेक्षित र समान अवसर पाएनन्।

भूमिगत तबरमा चलेको माओवादी सशस्त्र युद्धका अलावा एकातिर, माओवादी सशस्त्र युद्धका कारण अन्य पार्टीहरूले पनि आदिवासी जनजाति, महिला र दलितका राजनीतिक सङ्गठनहरू बनाइए । ती सङ्गठनहरूमार्फत् उनीहरूले आआफ्ना अधिकारको खोजीमा लाग्ने 'स्पेस' र माहौल बनाउँदै लगे । अर्कोतिर आदिवासी जनजाति, महिला र आदिवासी जनजाति महिलाहरूको बेग्लाबेग्लै सामाजिक सङ्घसंस्था खोलेर आआफ्नै सवाल र हकअधिकार अघि सार्दै लगे । २०५५ सालदेखि आदिवासी जनजाति महिलाहरूले सङ्गठित रूपमा पृथक जातीय–लैङ्गिक पहिचानको आवाज उठाउन थाले । २०६० सालमा 'राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घ' को संयोजन र पहलमा आदिवासी जनजाति महिलाहरूको देशव्यापी भेलागरी नेपालका आदिवासी जनजाति महिलाका सवाल र समस्याहरूको पहिचान गरी बाहिर ल्यायो। पहिलोपल्ट नेपालका आदिवासी जनजाति महिलाहरूले आधिकारिक रूपमा अघि सारेका दशोटा सवाल निम्न थिए–

**१. आदिवासी जनजाति महिलालाई नेपाली समाज र राज्यद्वारा भिन्न समुदायका महिलाको रूपमा सुनिश्चित नगर्नु,**
**२. कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा समानुपातिक प्रतिनिधित्वको व्यवस्था नहुनु,**
**३. विद्यमान ऐनकानुनमा आदिवासी महिलाका मौलिक अधिकार र आधारभूत आवश्यकता बेवास्ता गरिनु,**
**४. बेचबिखनबाट पीडित आदिवासी जनजाति महिलाहरूको समस्या सम्बोधनमा राज्य उदासिन हुनु,**
**५. नीतिनिर्माण, निजामती र प्रशासकीय क्षेत्रमा सहभागिता नहुनु, समुदायभित्र हिन्दु संस्कृति बढ्नु,**
**६. पुर्ख्यौली थातथलो, भूमि र स्रोतसाधनमा अधिकारविहीन पारिनु,**
**७. बेइजिङ प्लेटफर्म फर एक्सन, सहस्राब्दी विकास लक्ष्य र महिला विरुद्ध हुने सबै खालको भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धिलगायतमा राज्यले आदिवासी जनजाति महिलालाई समाहित नगर्नु,**
**८. माओवादी द्वन्द्वबाट आदिवासी जनजाति समुदाय र महिलाहरू अधिक प्रभावित हुनु,**
**९. सरकारी/गैरसरकारी कुनै पनि निकायमा जातजातीय र लिङ्गीय तथ्याङ्क नहुनु,**
**१०. आदिवासी जनजाति महिलाका पहिचान र अधिकारसम्बन्धी अध्ययन अनुसन्धान र दस्तावेजको कमी ।**

(राई, २०७४, पृ.२३–२४)।

उनीहरूले क्रमिक रूपमा आफ्ना सवाल र सरोकारहरू परिष्कृत र समयसापेक्षित बनाउँदै नेपालको मूलधारको महिला आन्दोलनको समरूपी सोच र एजेन्डामाथि प्रश्न तेर्स्याए। राजनीतिक अन्तरसम्बद्धताको अवधारणाले भने झैँ, आदिवासी जनजाति महिलाहरू महिला, आदिवासी जनजाति र आदिवासी जनजाति महिलाको रूपमा तेहेरो मारमा परेको दाबी गर्न थाले। आदिवासी जनजाति आन्दोलन र अरू सामाजिक आन्दोलनहरूमा रहेको छायाकृत लिङ्गीय पाटोलाई पनि बेवास्ता नगर्न खबरदारी गर्न थाले। साथै

मूलधारका राजनीतिक दलहरूसमक्ष समावेशी र विविधता सम्पन्न सवाल र एजेन्डाहरू अघि सार्दै समावेशी राजनीतिक अभ्यास निर्माण गर्न झक्झकाइरहे।

## संविधान निर्माणमा आदिवासी जनजाति महिला

२०६२/६३ को दोस्रो जनआन्दोलन आसपासबाट आदिवासी जनजाति महिलाहरूले आफ्ना एजेण्डाहरूलाई राजनीतिक सवालको रूपमा रूपान्तरण गर्न थाले। २०६३ फागुन २४ मा तत्कालीन प्रधानमन्त्री र सभामुखसमक्ष १९ बुँदे मागहरू पेश गरे। उक्त मागमा आदिवासी जनजाति महिलाको पहिचान राज्यद्वारा सुनिश्चित गर्ने, अन्तरिम संविधानमा आदिवासी जनजाति महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित, संविधानसभामा जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित, आदिवासी अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन, लोकतान्त्रिक गणतन्त्र र सङ्घीय प्रणालीको आधार लैङ्गिक समानता हुनुपर्ने, महिलाहरूका लागि जातीय समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनुपर्ने, आत्मनिर्णयको अधिकार सहितको जातीय, क्षेत्रीय सुशासन कायम गरिनुपर्ने, त्रिभाषिक नीति लागु गरिनुपर्नेजस्ता राजनीतिक सवालहरू समेटिएका थिए (राई, २०७५, पृ. ८९-९०)। आदिवासी जनजाति महिलाहरूको राजनीतिक सक्रियता बढ्दै गएपछि नै 'नेपाल आदिवासी जनजाति महासङ्घ' ले पनि आफ्नो एजेण्डा र मागहरूमा लैङ्गिकताको आयाम थप्यो। एकातिर आदिवासी जनजाति महिलाहरू 'आदिवासी महिलाहरूको घोषणापत्र/अडानपत्र', माग/ दाबीहरूमार्फत सडक र सार्वजनिक वृत्तहरूमा थप सशक्त रूपमा उभिँदै जान थाले । अर्कोतिर समानुपातिक समावेशिताको सिद्धान्तअनुरूप मिश्रित निर्वाचन प्रणाली अपनाइएपछि पहिलो र दोस्रो संविधानसभामा प्रत्यक्ष र समानुपातिक तर्फबाट१ सय २४ जना आदिवासी जनजाति महिलाहरूको सहभागिता रह्यो। २०६२/६३ पछि र खासगरी संविधानसभा निर्वाचनदेखि सामाजिक र राजनीतिक आन्दोलन एकअर्काको परिपूरकको रूपमा अघि बढ्न थाले। माओवादी सशस्त्र युद्ध, आदिवासी जनजाति र आदिवासी जनजाति महिलाका सामाजिक आन्दोलनहरूबाट उत्पादित नेतृत्वकारी जनशक्तिलाई राजनीतिक दलहरूले संविधानसभा निर्वाचनमा भरपूर सदुपयोग गरेर विविधता र समावेशिताको अभ्यास व्यापक बनाए । त्यस्तै, आदिवासी जनजाति महिलाहरूले पनि दलीय सिद्धान्तमा आधारित एजेन्डाका अलावा जातीय-लिङ्गीय सवाल र सरोकारहरू सम्बन्धित थलोहरूमा प्रस्तुत गर्ने अवसर पाए।

पहिलो संविधानसभामा 'महिला सभासद् समूह' र 'आदिवासी जनजाति सभासद् सभा' गठन गरी जातीय-लैङ्गिक सवालहरू सभासदहरूले संविधानको मस्यौदामा समावेश गर्ने भरपूर कसरत गरेका थिए (राई, २०७३)। यद्यपि, संविधान निर्माण कार्यमा सङ्ख्यात्मक हिसाबले आदिवासी जनजाति समुदायको ऐतिहासिक सहभागिता रहे पनि त्यसले देशको मूल कानुन निर्माणमा अपेक्षाकृत उपलब्धि हासिल हुन सकेन। किनकि दोस्रो संविधानसभामा सभासद् सभा गठन गर्ने अनुमति भएन र अघिल्लो संविधानसभाद्वारा तयार पारिएको मस्यौदालाई पनि उपयोग नगरिदा सीमान्तकृत, महिला, आदिवासी जनजाति, अल्पसङ्ख्यकहरूको मुद्दा पाखा पारिए।

अन्तरिम संविधान हुँदै संविधान सभामार्फत् नयाँ संविधान लेखन (२०६३ देखि २०७२ सालसम्म) को अवधिमा १७ ओटा 'आदिवासी जनजाति पार्टी' थपिए (हेर्नुहोस् तालिका ३)। जसमध्ये 'सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरूहट)' एकमात्र त्यस्तो दल थियो, जुन आदिवासी महिला रुक्मिणी चौधरीको नेतृत्वमा सन् २०११ मा स्थापना भएको थियो। मूलधारे भनिने राष्ट्रिय राजनीतिमा 'जनजाति पार्टी'हरूको साङ्गठनिक प्रभावकारिता हस्तक्षेपकारी हुन नसके पनि चौधरी आफैँ आदिवासी समुदाय र आदिवासी महिला अधिकारमा संविधानसभा सदस्यको रूपमा 'भोकल' थिइन्। त्यसअलावा मूलधारका राष्ट्रिय दल र पाहिचानवादी दल भनी चिनिएका दलहरूमार्फत् आदिवासी जनजाति महिलाका सवालमा सभासद्हरूले आवाज उठाएका थिए।

*तलिका ३ः सन् १९९० देखि २००६ को अवधिमा गठित आदिवासी जनजाति राष्ट्रिय पार्टी*

| दलको नाम | स्थापना वर्ष (ईस्वी संवत्मा) |
|---|---|
| लिम्बुवान् राज्य परिषद् (पालुङ्वा) | २००६ |
| दलित जनजाति पार्टी | २००७ |
| नेपाः राष्ट्रिय पार्टी | २००७ |
| ताम्सालिङ–नेपाल राष्ट्रिय दल | २००७ |
| नेपाल नागरिक पार्टी | २०११ |
| थरूहट तराई पार्टी नेपाल | २०११ |
| सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरूहट) | २०११ |
| सङ्घीय समाजवादी पार्टी, नेपाल | २०१२ |
| तामसालिङ राष्ट्रिय जनएकता पार्टी | २०१२ |
| सामाजिक लोकतान्त्रिक पार्टी | २०१२ |
| पिछडावर्ग निशाद दलित जनजाति पार्टी | २०१२ |
| आदिवासी जनजाति पार्टी | २०१२ |
| सङ्घीय गणतान्त्रिक समाजवादी पार्टी | २०१३ |
| दलित जनजाति पार्टी नेपाल | २०१४ |
| सङ्घीय लिम्बुवान पार्टी नेपाल | २०१४ |
| राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) | २०१५ |
| सङ्घीय समाजवादी फोरम | २०१५ |

*(स्रोतः घर्तीमगर, २०७५, पृ.८९–९०)*

संविधान लेखनको समयावधिमा आदिवासी जनजाति महिलाहरूले सडकदेखि सदन अथवा संविधानसभासम्म, सामाजिक आन्दोलनदेखि राजनीतिक संरचनाहरूसम्म आफ्ना आवाज र सरोकारहरू उठाए । समावेशीता, सङ्घीयता, धर्मनिरपेक्षता, विविधता र लैङ्गिकताको पाटोलाई आदिवासी महिलाहरूको कोणबाट नियाल्नका लागि भक्भक्काए । आदिवासी जनजाति महिलाहरूको सक्रिय राजनीतिक–सामाजिक सहभागिताले राष्ट्रिय राजनीतिमा उनीहरूको पहिचान र सहभागिता स्वीकार्य हुन सघाउ पुऱ्यायो । त्यसले सार्वजनिक वृत्तमा भिन्न सामाजिक–लैङ्गिक चेतनाको विस्तार मात्रै गरेन, प्रतिरोधको संस्कृतिलाई पनि मजबुत बनायो ।

## सङ्घीयता सुदृढीकरणमा आदिवासी जनजाति महिला

नेपालको संविधान २०७२ द्वारा आदिवासी जनजाति समुदायले सामाजिक न्याय र समावेशी प्रतिनिधित्व (धारा ४२), आदिवासी जनजातिको भाषा–संस्कृति र परम्परागत/रैथाने ज्ञान संरक्षणको अधिकार (धारा ३२ र धारा ५१), समानता र भेदभाव विरुद्धको अधिकार (धारा १८) जस्ता संवैधानिक अधिकारहरू पाएका छन् । तर संविधानले सुनिश्चित गरेको आदिवासी जनजातिहरूकै सन्दर्भलाई उनीहरूले उठाएका समस्याहरू सम्बोधन भइसकेकाले अब त्यस्ता समस्याबारे कुरा गर्नु भनेको मूलधारको राजनीतिमा बाधा सृजना गर्नु हो भन्ने तर्क पनि गर्न थालियो

(तामाङ, २०७५, पृ.३६)। वास्तवमा संविधानमा आदिवासी जनजातिहरूको उल्लेखनीय उपस्थितिका बाबजुद उनीहरूको विशिष्ट पहिचान र इतिहासका डोबहरू खोप्न सकिएन, जुन नेपाली राजनीतिमा रहीआएको एकात्मक हिन्दु पुरातनवादी राजनीतिक प्रभुत्वको परिणाम हो (चेम्जोङ, २०७५, पृ.४७), जसको कारण आदिवासी जनजातिकेन्द्रित राजनीतिक पार्टीको खाँचो र महत्त्व परिपूर्ति हुन नसकेको र प्रभावकारी ढङ्गले अघि बढ्न सक्ने दलको आवश्यकता परेको आदिवासी विज्ञ र राजनीतिक विश्लेषकहरूको विश्लेषण थियो। त्यसो त पटपटक आदिवासी जनजाति पार्टी खोल्ने प्रयत्नहरू पनि भए। विडम्वना, औचित्य पुष्ट्याइँको हिसाबले सन् २०१६ पछि खोलिएका नयाँ र त्यसअघिका पुराना दलहरू राष्ट्रिय राजनीतिमा अपेक्षाकृत तबरमा स्थापित हुन सकेनन्।

आदिवासी जनजाति महिलाहरूका हकमा पनि यी संवैधानिक अधिकार बाध्यकारी होइनन्। नेपालको संविधान र कानुनहरूमा 'महिला' र 'आदिवासी जनजाति' भनी संवोधन गरी पहिचान किटान गरियो। तर 'आदिवासी जनजाति महिला'को रूपमा पहिचान नगरेर राज्यले उनीहरूको आवश्यकता र सरोकारहरू सम्बोधन गर्नैपर्ने कानुनी दायित्व वहनबाट चाहिँ पन्छिदै आएको छ। त्यसैले उनीहरूले संवैधानिक अधिकार उपभोग, राजनीतिक सहभागिताको सुनिश्चितता, सामाजिक आन्दोलनको प्रभावकारिता र चुनौतीहरूबिचको अत्यन्तै जटिल यात्रा गर्दै आइरहेका छन्।

निरन्तर प्रतिरोध र समावेशिताको बाध्यकारी अभ्यासका कारण सङ्घीय संरचनामा प्रवेश गरेपछि समावेशी प्रतिनिधित्वअन्तर्गत स्थानीयदेखि सङ्घीय तहसम्म आदिवासी जनजाति महिलाको सहभागिता हुन सक्यो। विगतको तुलनामा राज्यको संरचनाहरूमा सङ्ख्यात्मक सहभागिताले फड्को माऱ्यो, तर समानुपातिकता र अर्थपूर्ण सहभागिताको कोणबाट अपर्याप्तै छ। बरु सङ्घीयता अवलम्बनको चरण र प्रक्रियामा आदिवासी महिलाहरू सदनबाहिर रहेर 'सक्रिय राजनीतिक एजेन्ट' को प्रभावशाली भूमिकामा देखा पर्न थाले। क्षेत्रीय र जनजाति पार्टी र सामाजिक सङ्घसंस्थासँगको आबद्धतासहित सङ्घीयता, स्वायत्तता, आत्मनिर्णयको अधिकार, वैकल्पिक र समुदायकेन्द्रित विकासको अधिकार र पहिचानको राजनीतिलाई समुदाय र भुइँ तहहरूसम्म फैलाउन सक्रिय रहे, जसको उदाहरण 'प्रदेश १ पुनःनामाङ्कन संयुक्त सङ्घर्ष' र 'मुक्कुमलुङ संरक्षण तथा केबलकार खारेजी' आन्दोलन हो। यी दुवै आन्दोलनमा पहिचान/समुदाय, शक्ति/सत्ता र राजनीतिको त्रिकोणात्मक सम्बन्ध छ, जहाँ आदिवासी जनजाति महिलाहरू पुरुषसँगसँगै र कतिपय सन्दर्भमा पुरुषभन्दा अग्रपङ्क्तिमा रहेर सङ्घर्षको मैदानमा लडेक छन्। त्यसैले पनि यी दुवै आन्दोलनको क्रममा धरपकड तथा यातना, गिरफ्तार, झुटा मुद्दा, अङ्गभङ्ग/घाइते, अश्रुग्यास प्रहार र कुटपिट, गोली प्रहारजस्ता राज्य–दमनको सामना गर्नेमध्येमा महिलाहरूको सङ्ख्या उल्लेखनीय छ।

सातोटा प्रदेशमध्ये सबैभन्दा ढिला र राजनीतिक किचलोकै बिचमा दोस्रो पटक गठित प्रदेश सभाले २०७९ फागुन १७ गते प्रदेशको नामकरण गर्न सक्यो। आदिवासी जनजाति समुदायको खबरदारी तथा दबाबका कारण विराटनगरस्थित प्रदेशसभा आसपास ठुलो सङ्ख्यामा सुरक्षा बल परिचालन गरी, सीमित सांसदबाहेकलाई थाहै नदिई, प्रदेशसभाको प्रत्यक्ष प्रसारणसमेत बन्द गरेर प्रस्ताव दर्ता भएको दुई घण्टाभित्रै प्रदेशको नाम 'कोसी' घोषणा गरिएको थियो (चलाउने र मानन्धर, २०८०)। समुदाय, भाषिक, सांस्कृतिक, भौगोलिक, क्षेत्रगत र ऐतिहासिक निरन्तरताको आधारमा पहिचानसहित प्रदेशको नामाङ्कन नगरिएपछि आदिवासी जनजातिहरू सडक आन्दोलनमा उत्रिए, नाम घोषण भएलगत्तै, जसको पहल र नेतृत्व अन्तरपुस्तेनी आदिवासी जनजाति महिलाहरूले गरेका थिए।

व्यवस्थित, सङ्गठित र सामूहिक तबरमा आन्दोलन अघि बढाउनका लागि 'प्रदेश नं. १ पुनः नामाङ्कन संयुक्त सङ्घर्ष समिति' गठन गरियो, जसको नेतृत्व राजनीतिक दलले होइन, आदिवासी जनजातिहरूको ४० भन्दा बढी

सामाजिक सङ्गठन तथा राजनीतिक दलका ३६ घटकको प्रतिनिधिहरूले गरेका थिए। यद्यपि आदिवासी जनजाति समुदाय र महिलाहरूको सक्रियता विभिन्न राजनीतिक दलदेखि जातीय संस्थाहरूमार्फत् भएको थियो।

२०७९ चैत ५ गतेको आन्दोलनमा गोली प्रहारबाट लाजेहाङ (पदम) लिम्बुको मृत्यु भएपछि आन्दोलन थप सशक्त र सङ्गीन बन्यो। प्रदेशसभाका कुल ९३ सदस्यमध्ये कोसी प्रदेशको पक्षमा मतदान गर्ने ८२ प्रदेशसभा सदस्यहरूको बहिष्कार, सरकारी कार्यलयहरूमा लेखिएको सशक्त सडक सङ्घर्ष जारी राखे। कोसी प्रदेशका १४ ओटै जिल्लामा 'पहिचानका लागि युवा दस्ता' गठन गरियो।

यो आन्दोलन सीमान्तकृत, महिला आदिवासी जनजाति, मधेसी, मुस्लिमलगायतले अपेक्षा गरेबमोजिमको सङ्घीय व्यवस्था अवलम्बन नगरिँदाको परिणाम थियो। कोसी नामकरणको प्रक्रिया केलाउँदा समुदाय र नागरिककेन्द्रित सङ्घीय व्यवस्था लागु गर्नुको सट्टा सत्तासिन राजनीतिलाई केन्द्रमा राखेर संविधानले सुनिश्चित गरेको संवैधानिक व्यवस्था र संसदीय अभ्यासको समेत उल्लङ्घन गरेको विश्लेषकहरूको ठहर छ (चलाउने र मानन्धर, २०८०)। आदिवासी जनजाति पुरुषले आन्दोलनको नेतृत्व गरेपनि सङ्घर्षको हरेक मैदानमा महिलाहरूको सहभागिता र भूमिका आन्दोलनको सामर्थ्य थियो।

त्यस्तैगरी धर्मनिरपेक्ष राज्यमा मुक्कुमलुङको पहिचानलाई पाथीभराको हिन्दु सांस्कृतिक पहिचानको प्रभुत्वले विस्थापित गर्न खोजियो भन्दै ताप्लेजुङका याक्थुङ/लिम्बु समुदाय आन्दोलित भए। समुदायको अस्तित्व र पहिचान, रैथाने ज्ञान र स्थानीय अर्थतन्त्रमा खलल पुऱ्याएको भन्दै 'मुक्कुमलुङ संरक्षण संयुक्त सङ्घर्ष समिति' गठन गरी २०७५ सालदेखि सङ्गठित रूपमा उनीहरू आन्दोलित छन्। आदिवासीय सांस्कृतिक सम्पदा र पुर्ख्यौली थातथलो संरक्षण तथा समुदायमा आधारित विकासको अवधारणा अघि सार्दै ताप्लेजुङका युवाहरूले उक्त आन्दोलन थालेका थिए। उक्त आन्दोलनमा सुरूदेखि नै आदिवासी जनजाति महिलाहरू आन्दोलन व्यवस्थापन, अर्थ सङ्कलन, स्थलगत र डिजिटल दुवै थलोबाट गरिने आन्दोलन, राजनीतिक दल र समन्वयकारी निकायसँगको संवाद, राज्य–सरकारसँगको वार्तासहितका बहुआयामिक भूमिकामा रहँदै आएका छन्।

मुख्यतः आदिवासी जनजाति महिलाहरूले पछिल्ला यी दुइटा आन्दोलनमा निर्वाह गरेको राजनीतिक सक्रियताले उनीहरूको सांस्कृतिक छविलाई राजनीतिक छवितर्फ रूपान्तरण गर्न सघाएको छ। राजनीतिक सक्रियताको विस्तार र पुस्तान्तरण त्यसैको अर्को सुखद पक्ष मान्न सकिन्छ। उदाहरणको लागि २०८२ भदौ ८ र ९ गते भएको 'जेन–जी आन्दोलन' र आन्दोलनपछि सृजित राजनीतिक सङ्कट र सङ्क्रमणकालीन अवस्थामा समावेशी लोकतन्त्रकै सिद्धान्त र मर्म पछ्याउँदै आदिवासी जनजाति युवा, विशेष गरी महिलाहरू राजनीतिक रूपमा निकै सक्रिय रहे। उनीहरूले 'इन्डिजिनियस जेन–जी कलेक्टिभ्स' नामक समूह गठन गरे।

जेन–जी आन्दोलनलाई अपराधीकरण हुन नदिन र संस्थागत गर्न, आन्दोलनको म्यान्डेटलाई समावेशी तथा विस्तृत बनाउँदै राज्य पक्षलाई सम्झौता गर्न बाध्य पार्न उनीहरूको हस्तक्षेपकारी भूमिका रह्यो। उनीहरूले आन्दोलनपछि सम्पन्न निर्णय प्रक्रियामा सबै पृष्ठभूमिका युवा र महिलाहरूको समान पहुँच र प्रभावकारी सहभागिता सुनिश्चितता गर्न, जातीय–लैङ्गिक विविधताको उचित कदर गर्दै 'स्पेस' निर्माण, अन्तरसम्बद्ध सवालहरूको सम्बोधन गर्न तथा अवसर प्राप्तिका सन्दर्भमा नीतिगत र व्यवहारिक न्याय लागु गर्न दबाब दिए। उनीहरूले राज्य संयन्त्र, शासक र नीति निर्माता/निर्णायक समूहहरूमा मात्रै होइन, आदिवासी जनजाति समुदाय र जनजाति आन्दोलनभित्र पनि उत्तिकै आलोचनात्मक भूमिका निर्वाह गरे। उल्लेखनीय पक्ष, 'इन्डिजिनियस जेन–जी कलेक्टिभ्स'का सदस्यहरू राज्य संरचना र मूलप्रवाहभन्दा बाहिरैबाट आफ्नो भूमिका निर्वाह गरिरहेका छन्।

जेन–जी आन्दोलनकै जगमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुन दल दर्ता गर्नु अनिवार्य बन्यो।

त्यस क्रममा पुराना तथा केही नयाँ पार्टीहरू गठन गरी दर्ता भए। विगतमा भैँ स्पष्ट रूपमा आदिवासी जनजाति केन्द्रित पार्टी भने देखिएनन्। भौगोलिक र जनसाङ्ख्यिक आधार र नेतृत्वकर्ताको सामाजिक पृष्ठभूमिका आधारमा हर्क साम्पाङ तथा कुलमान घिसिङको नेतृत्वमा गठन गरिएका दुई पार्टी– 'श्रमसंस्कृति पार्टी' र 'उज्यालो नेपाल पार्टी'लाई केही हदसम्म आदिवासी जनजाति सवालसँग नजिक मानिन्छ। तर दुवै पार्टीलाई पूर्ण रूपमा आदिवासी जनजाति पार्टी भन्ने पर्याप्त आधार छैन । किनकि ती समुदायका सवालमा मात्र सीमित छैनन्।

निर्वाचनमा बहुमत ल्याएको 'राष्ट्रिय स्वतन्त्र पार्टी' मार्फत् आदिवासी जनजाति महिला र सीमान्तकृत समुदायका नयाँ पुस्ता तथा प्रतिनिधिहरू सरकारदेखि संसद्सम्म पुग्न सकेका छन्। यसले एकातिर उत्साह र आशा जगाएको छ। अर्कोतिर समावेशीतालाई मेरिटोक्रेसीले विस्थापन गर्ने, विविधतालाई शहरी, शिक्षित, सूचना–प्रविधिमा पहुँच भएका युवाहरूले मात्रै धान्ने हो कि भन्ने शङ्का र चिन्ता पनि देखिन थालेको छ।

संविधानले सङ्घीयता, बहुलता, समावेशीता, विविधता, लोकतान्त्रिक समाजवाद अङ्गीकार गरे तापनि अघिल्ला शासन व्यवस्थाहरूको तुलनामा आदिवासी जनजाति सवालकेन्द्रित राजनीतिक स्पेस साँघुरिएको छ । यस्तो अवस्थामा आदिवासी जनजाति समुदाय तथा विशेषगरी महिलाहरूले वर्तमान सक्रिय राजनीतिक पार्टीहरूमै निर्भर रहनुपर्ने बाध्यता छ, जसले उनीहरूको वास्तविक सवाल सम्बोधन हुनेमा स्पष्टता ल्याउन सकेको छैन।

## *निष्कर्ष*

नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनमा शसक्त भूमिकामा देखा परेका आदिवासी जनजातिहरूको सवाललाई जहिले पनि 'जनजाति समस्या/प्रश्न' भनेर कित्ताकाट गरियो । आदिवासी जनजाति महिलाहरूको हकमा पनि उत्तिकै उल्लेखनीय योगदान रहँदै आयो । उनीहरूले निरंकुश शासन विरुद्ध सङ्घर्षदेखि प्रजातान्त्रिक व्यवस्था स्थापना/पुनःस्थापना, संविधान निर्माण र सङ्घीयता कार्यान्वयन र जेन–जी आन्दोलन र आन्दोलनपश्चातको राजनीतिक सङ्क्रमणकालीन अवस्था पार लगाउनेसम्मको चरणहरूमा सक्रिय सहभागिता जनाएका छन्। विडम्बना, उनीहरूको सवाल राज्य र वृहत समाजको लागि सवाल नै बन्न सकेको छैन। पृथक पहिचानसहित राज्य संरचना, राजनीतिक संरचना र ऐनकानुनहरूमा समावेश हुने आवाज उठाइरहे पनि सवालहरू बेवास्तामै परिरहँदा खुद्राखुद्रीबाहेकका ठोस उपलब्धि भएको छैन।

बलियो पाटो, संरचना र मूलप्रवाहभित्र समावेश हुने क्रम रहे पनि उनीहरूले बाहिर/किनाराबाटै आदिवासी जनजाति र आदिवासी जनजाति महिला प्रतिकूल राष्ट्रिय राजनीति र राज्य/सरकारलाई दबाब दिँदै आएका छन् । संरचनाबाहिर र पिँधमै रहेकैले समावेशी लोकतन्त्रको मूल आधारहरू सङ्घीयता, समावेशिता, विविधता, धर्मनिरपेक्षता, समानता, पारदर्शिता र जवाफदेहिताजस्ता कुराहरूलाई सुदृढ पार्न सक्ने सामर्थ्य उनीहरूले राखेनन्। महत्त्वपूर्ण कुरा, समावेशी लोकतन्त्रको अवयवहरूमा हुन सक्ने उच्च क्षति रोक्नमा भने उनीहरूको दबाब र सङ्घर्षले ठुलो योगदान पुर्याएको छ । राजनीतिलाई अन्तरसम्बद्ध कोणबाट नहेरेसम्म आदिवासी जनजाति महिला र सीमान्तकृत समुदायका जुनसुकै महिलाका पहिचान र सवाल अदृश्य नै रहिरहन्छ । त्यसैले, समावेशी लोकतन्त्रको सुदृढीकरणका लागि आदिवासी जनजाति महिलाहरूको अर्थपूर्ण सहभागिता, पहिचानको संस्थागत सुनिश्चितता र उनीहरूको योगदानको उचित दस्तावेजीकरण तथा मूल्याङ्कन अपरिहार्य छ।

## *सन्दर्भ सामग्रीसूची*


उपाध्याय, गोविन्द प्रसाद (२०५४). *नेपालको प्रजातान्त्रिक इतिहास–सन्दर्भ.* रत्न पुस्तक भण्डार।

उषा (२०४५). 'नेपाली महिला आन्दोलनः छोटो चर्चा'. *महिला मुक्ति.* (अङ्क ४)।

कार्की, गोबिन्दमानसिंह (२०७८). 'वि.सं. २००७ सालको क्रान्ति र भोजपुर'. (सम्पा. शशी लुमुम्बु र गोबिन्द बस्नेत). *भोजपुर*

*दर्पण.* (पृ.५२–७२). भोजपुर मातृभूमि बौद्ध–जोरपाटी एकता समाज।
के.सी, सुरेन्द्र (२०६३). *ऐतिहासिक दस्तावेज सङ्ग्रह.* (माले खण्ड, भाग–२ ). पैरवी प्रकाशन।
घर्तीमगर, झकेन्द्र (२०७५). 'नेपालमा आदिवासी जनजाति पार्टीहरूः गठन, प्रभावकारिता र भविष्य'. (सम्पा. गोबिन्द छन्त्याल र टुङ्गभद्र राई) *प्रतिरोधको राजनीतिः आदिवासी जनजाति र नेपाली राज्य.* (पृ.८४–१०९) । नेपाल आदिवासी जनजाति महासङ्घ।
चलाउने, अङ्कलाल र मानन्धर, चिरन (२०८०). *प्रदेशसभा निर्वाचन २०७९ पछि कोसी प्रदेशमा सङ्घीयता कार्यान्वयन.* डेमोक्रेसी रिसोर्स सेन्टर (डिआरसीएन)।
चेम्जोङ, डम्बरध्वज (२०७५). 'नेपालको राजनीतिमा आदिवासीको मुक्ति र सांस्कृतिक समानताको सवाल'. (सम्पा. गोबिन्द छन्त्याल र टुङ्गभद्र राई). *प्रतिरोधको राजनीतिः आदिवासी जनजाति र नेपाली राज्य.* (पृ.४२–५७)। नेपाल आदिवासी जनजाति महासङ्घ।
दिक्पाल, राजकुमार (२०७९). 'दिलकुमारी ब्लोनः दरबारको सुसारेदेखि बडामहारानीसम्म'. *तामाङ जर्नल.* (अङ्क २, पृ. १२५–१३२)।
तामाङ, मुक्तसिंह (२०७५). 'नेपालको राजनीतिमा किनाराबाट उठ्दै आदिवासी जनजाति'. (सम्पा. गोबिन्द छन्त्याल र टुंगभद्र र ाई). *प्रतिरोधको राजनीतिः आदिवासी जनजाति र नेपाली राज्य.* (पृ.१८–४१)। नेपाल आदिवासी जनजाति महासङ्घ।
तामाङ, श्यामकुमार (२०५६). *जनमुक्ति सेनाः एउटा नलेखिएको इतिहास .* एकता प्रकाशन।
तुम्वाहाम्फे, शिवमाया (२०५९). *नेपालमा महिला आन्दोलन (२००४–२०४६).* अखिल नेपाल महिला सङ्घ।
पाण्डे, बिन्दा (२०५७). *नेपालको श्रमिक आन्दोलनमा महिला सहभागिता* (अध्ययन प्रतिवेदन). नेपाल ट्रेड युनियन महासङ्घ।
मल्ल, चन्द्रकान्ता देवी (२०४१) *मेरो आत्मकथा.* श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग।
योन्जन–तामाङ, अमृत (२०६९). *ओझेलमा तामाङ सहिदहरू.* यम्बुरी बुक प्वइन्ट।
राई, कैलाश (२०८१). 'नेपालमा आदिवासी महिलाको आन्दोलन'. *महिला आन्दोलनको सहखोजीः सन्धान सङ्ग्रह शृङ्खला १.* (पृ.७७–९९)। द स्टोरी किचन र त्रिभुवन विश्वविद्यालय, लैङ्गिक अध्ययन विभाग।
राई, कैलाश (२०७७) 'नेपाली भर्सेस नेपालका महिलाः महिला आन्दोलनहरू र विविधता'. *समाज अध्ययन.* १५: ९–३२।
राई, कैलाश (२०७४). *आदिवासी जनजाति महिलाका सङ्गठन, आन्दोलन र लेखन.* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।
राई, कैलाश (२०७३). *संविधानसभा 'ककस' र आदिवासी जनजाति महिला.* (सम्पा. कैलाश राई). पहिचानको खाजीः आदिवासीजनजाति महिलाका सामाजिक, सांस्कृतिक र राजनीतिक सन्दर्भ (२०१६–२०७३). (पृ. ११९–१२७)।
Crenshaw, K. W. (1994). Mapping the margins: Intersectionality, identity politics, and violence against women of color. In M. A. Fineman & R. Mykitiuk (Eds.). *The public nature of private violence.* (pp. 93-118). Routledge.
Gellner, D. N. (2016). Ethnicity and nationalism in the world's only Hindu state. In D. N. Gellner, J. Pfaff-Czarnecka, & J. Whelpton (Eds.). *Nationalism and ethnicity in Nepal.* (pp. 3-31). Vajra Books.
Hangen, S. L. (2010). *The rise of ethnic politics in Nepal: Democracy in the margins.* Routledge.
Pandey, B. (2019). *Women in Nepali politics: Looking through feminist perspectives.* Adarsh Books.
Tamang, S. (2002). The politics of 'developing Nepali women'. In K. M. Dixit & S. Ramachandran (Eds.). *State of Nepal.* (pp. 161-175). Himal Books.
Verloo, M. (2006). Multiple inequalities, intersectionality and the European Union. *European Journal of Women's Studies.* 13(3), 211-228.
Wessendorf, K. (Ed.). (2001). *Challenging politics: Indigenous peoplej'm experience with political parties and elections.* IWGIA.